श्री सचिव,
कृषि विकास मन्त्रालय ।

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ स्वीकृति विषयको कृषि विकास मन्त्रालयको नं. ७/२२-०७३/९/२७ को प्रस्ताव मं.प.बै.सं. ४८।०७३ मिति २०७३।१०।६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु -

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावसाथ संलग्न राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा देहायबमोजिम संशोधन गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने —

१. दफा २ को खण्ड (च) हटाउने ।
२. दफा ४ को उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ने-
   (ङ) कृषि विकास मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव - सदस्यसचिव
३. दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने-
   (१) कृषि विकास मन्त्रालयले आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने प्रयोजनका लागि राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवलाई सदस्य सचिवको रूपमा काम गर्न तोक्नेछ ।
४. दफा १५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने-
   (२) आयोगलाई आवश्यक पर्ने कर्मचारी कृषि विकास मन्त्रालयले व्यवस्था गर्नेछ।"

( डा. सोमलाल सुवेदी )
मुख्यसचिव
२०७३/१०/६

# राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३

**प्रस्तावना:**

मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसार लाई किसानमैत्री बनाई किसानहरुको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउनु वान्छनीय भएको तथा नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५-३५) ले परिलक्षित गरे बमोजिम नेपाल सरकारले एक राष्ट्रिय किसान आयोग गठन गर्नका लागि देहाय बमोजिमको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस आदेशको नाम "राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आयोग" भन्नाले दफा ४ बमोजिम गठित राष्ट्रिय किसान आयोग सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र यो शब्दले आयोगको अध्यक्ष र सदस्य सचिव समेत लाई जनाउनेछ ।

(घ) "कृषि विज्ञ" भन्नाले कृषि/पशुपन्छि/खाद्यप्रविधि/जैविक प्रविधी विषयमा स्नातकोत्तर गरि सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव हाँसिलगरेको व्यक्ति भन्ने जनाउने छ ।

(ङ) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(च) "विशिष्ठ श्रेणीको अधिकृत (कृषि तथा वन समुह)" भन्नाले दफा १५ बमोजिमको आयोगको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेश अन्तर्गत आयोगले जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(झ) "किसान अधिकार" भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथाने वालीको जात, विउ, किसानले विकास गरेको जात र बीउ, कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनु पर्छ ।

(ञ) "कृषि" भन्नाले कृषि, पशुपन्छि, मत्स्य, खाद्यप्रविधि, जैविक प्रविधी लगायतका क्षेत्रलाई सम्झनु पर्छ ।

**३. सिफारिस समिती:**

(१) आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि नेपाल सरकार मन्त्रिपरिषद समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिती रहने छ ।

**अध्यक्ष-** मन्त्री, कृषि विकास मन्त्रालय

**सदस्य-** कृषि विज्ञ एक जना

**सदस्य सचिव** - सचिव, कृषि विकास मन्त्रालय

उपदफा (१) बमोजिमको सिफारिस समितीले आयोगको अध्यक्ष र सदस्यको पदमा सिफारिस गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चत हुने गरि समावेशी सिद्धान्तको अनुसरण गर्ने छ ।

उपदफा (१) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. आयोगको गठन र कार्यक्षेत्र:**

(१) कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्य संग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन एक राष्ट्रिय किसान आयोगको गठन हुनेछ ।

(२) आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट मनोनीत एक जना - अध्यक्ष

(ख) नेपाल सरकारबाट मनोनीत किसान प्रतिनिधिहरुमध्ये एकजना महिला सहित तीनजना- सदस्य

(ग) नेपाल सरकारबाट मनोनीत कृषि सहकारीमा आवद्ध किसान प्रतिनिधि एक जना - सदस्य

(घ) नेपाल सरकाबाट मनोनीत कृषि विज्ञ एक जना - सदस्य

(ङ) नेपाल सरकारबाट नियुक्त विशिष्ठ श्रेणीको अधिकृत (कृषि तथा वन समुह)-सदस्य सचिव

(३) अध्यक्ष तथा सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पद अनुरुप आचरण विपरित वा अनुशासनहीन काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सदस्यबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिईनेछ ।

(६) आयोगको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ ।

**५. योग्यता:**

१. देहायको योग्यता भएको व्यक्ति क्रमश: आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्त हुन सक्नेछ.

(क) नेपाली नागरिक भएको,

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको,

(ग) नियतबस बैङ्कको ऋण नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको,

(घ) प्रचलित कानून बमोजिम नियुक्तिको लागि अयोग्य नभएको,

(ङ) कृषि विज्ञ सदस्यको हकमा कृषि/पशुपन्छि/खाद्यप्रविधि/जैविक प्रविधी विषयमा कम्तिमा स्नातकोत्तर गरि सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव हाँसिल गरेको

(च) किसान प्रतिनिधि सदस्यहरुको हकमा कृषि उत्पादन कार्यमा लगातार कम्तिमा ५ वर्ष सम्म संलग्न भएको,

(छ) किसानहरुको हक हित र अधिकार प्रति सचेत र प्रतिवद्ध भएको ।

६. **आयोगको काम, कर्तव्य र अधिकार:**

यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) कृषि विकास रणनीतिको सफल कार्यान्वय गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्र संग सम्वन्धित निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्बन्धमा नेपाल सरकार लाई राय सुझाव दिने ।

(ख) किसानहरुको हक हितलाई प्रवर्दन गर्ने किसान कल्याणकारी योजना (Farmer Welfare Scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ग) नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy Gap) को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

(घ) किसान हक हित अधिकार एवं किसानहरुको राज्य प्रतिको कर्तव्य र दायित्वका लागि नँया नीति ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

(ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(च) कृषि कार्यमा प्रयोगहुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पहुँच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्ययोजना नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।

(छ) विभिन्न वाली वस्तुहरुको बजार सरलीकरण, गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिवृद्धि, र मूल्य अभिवृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

(ज) वस्तुगत संघ उत्पादक सहकारी संघ तथा किसान सन्जाल एवं संगठनहरुको क्षमता अभिवृद्धि गरि किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

(झ) किसानहरुको परम्परागत ज्ञान, सिप, प्रविधि, रैथाने जात, विउ, नश्ल तथा किसानहरुले विकास गरेका बाली/पशु नश्लमा उनीहरुको पहुँच, र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

(ञ) कृषि पेशालाई आकर्षित बनाउन अवलम्बन गर्नु पर्ने किसान अधिकार सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने गराउने ।

(ट) संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारीस गर्ने ।

(ठ) किसान संघ संगठनहरु (समूह, सहकारी, गै.स.स. वाहेक) लाई दर्ता गरी नियमन गर्ने ।

(ड) सरकारी तथा गैरसरकारी एवं नीजि क्षेत्रबाट सञ्चालित नीति तथा कार्यक्रम / परियोजनाहरुबाट किसानहरुको अधिकार हनन् भएमा सम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने ।

(ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

७. आयोगको बैठक सम्बन्धी कार्यविधि :

(१) आयोगको बैठक महिनाको कम्तीमा १ पटकभन्दा कम नहुने गरी आवश्कता अनुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ

८. अध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढङ्गले सञ्चालन गर्ने, गराउने,

(ख) किसानका हक अधिकार, सेवा सुविधा एवं किसानहरुको राज्य प्रतिको कर्तव्य र दायित्व लगायत किसान संग सम्वन्धित क्रियाकलापहरु कार्यान्वयन स्थिति बारे वार्षिक प्रतिवेदन तयार पारी नेपाल सरकारलाई बुझाउने

(ग) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने,

(घ) आयोगले सम्पादन गर्नुपर्ने काम कारबाहीबारे सदस्यको जिम्मेवारी तोक्ने,

(ङ) किसान हक अधिकार र कृषि क्षेत्रमा सरोकार राख्ने निकायहरुको पृष्ठपोषण लिन तथा आयोगको कामलाई प्रभावकारी बनाउन समन्वय बैठक आयोजना गर्ने,

(च) किसान हक अधिकार एवं किसानहरुको राज्य प्रतिको कर्तव्य तथा दायित्व र कृषि क्षेत्रको कार्यक्रमलाई प्रभावकारी बनाउने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने,

(छ) नेपाल सरकारबाट तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

(ज) आयोगका नियमित काम कारबाहीहरू अध्यक्षको निर्देशनअनुरुप सञ्चालन हुनेछन् ।

(झ) आयोगको काम कारवाहि सम्बन्धमा अध्यक्षले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबै निकायको कर्तव्य हुनेछ । अध्यक्षले यसरी दिएको निर्देशनका सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

९. पदावधि:

(१) आयोगका अध्यक्ष तथा मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगका अध्यक्ष वा कुनै सदस्य को पद रिक्त रहनगएमा त्यसरी रिक्तरहन गएको स्थानमा दफा ३ बमोजिमको समितीको सिफारिसमा यस आदेशको अधीनमा रही बाँकी अवधिकालागि नेपाल सरकारले अर्को सदस्य नियुक्ति गर्न सक्नेछ।

(४) आयोगको अध्यक्ष र सदस्यको पदावधि समाप्त हुनु भन्दा तीन महिना अगाडि नै दफा ३ बमोजिमको सिफारिस समितिले नयाँ नियुक्तिका लागि नेपाल सरकार मन्त्रीपरिषद समक्ष सिफारिस गर्नु पर्नेछ।

१०. **पद रिक्त हुने अवस्था:** देहायका अवस्थामा अध्यक्ष एवं सदस्यहरुको पद रिक्त हुनेछ :-

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले कृषि विकास मन्त्री मार्फत प्रधानमन्त्रीसमक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) निजलाई दफा ४ को उपदफा ४ बमोजिम आफनो पदबाट हटाएमा

(घ) निजमा दफा ५ बमोजिमको योग्यता कायम नरहेमा,

(ङ) निजको मृत्यु भएमा,

(च) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

११. **सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था:**

(१) अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता र सवारी सुविधा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(३) सेवा शर्त र सुविधा निर्धारण गर्दा आर्थिक दायित्व वृद्धि हुने विषयमा निर्णय गर्नु पूर्व अर्थ मन्त्रालयको सहमति प्राप्त गर्नु पर्ने छ।

१२. **पूर्वस्वीकृति लिनुपर्ने**

(१) अध्यक्ष तथा सदस्यले नीजि तथा आयोगको कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्नु पर्दा अध्यक्षले कृषि विकास मन्त्रीको स्वीकृति र सदस्यले अध्यक्षको स्वीकृति लिनुपर्नेछ।

१३. **आयोगको सचिवालय कार्यालय र काम कारबाही**

(१) आयोगको केन्द्रीय सचिवालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ।

(२) आयोगको सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोगले सम्पादन गर्ने काम कारबाहीमा आयोगलाई सहयोग पुर्‍याउने,

(ग) आयोगको निर्णयहरु कार्यान्वयन गर्ने,

(ङ) नेपाल सरकारबाट तोकिएबमोजिमको अन्य काम गर्ने।

१४. **आयोगको सदस्य सचिव:**

(१) नेपाल सरकारले आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने प्रयोजनको लागि निजामती सेवा ऐन २०४९ अनुसारको नेपाल कृषि/वन सेवा अन्तर्गतको विशिष्ठ श्रेणीको अधिकृतको व्यवस्था गर्ने छ। आयोगको सदस्य सचिवको नियुक्ति, सरुवा,

पारिश्रमिक तथा अन्य सुविधा निजको सेवा शर्त सम्बन्धि कानून बमोजिम हुने छ ।

(२) यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सचिवालयको प्रशासकीय एवं कार्यकारी प्रमुखको रुपमा काम गर्ने,

(ख) सचिवालयको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने,गराउने,

(ग) प्रचलित कानुनबमोजिम विभागीय प्रमुखको हैसियतले गर्नुपर्ने काम गर्ने,

(घ) नेपाल सरकारबाट तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

**१५. कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था:**

(१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) आयोगलाई आवश्यकपर्ने विशिष्ठ श्रेणीको अधिकृत (कृषि तथा वन समुह) लगायत अन्य कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ ।

(३) आयोगले आवश्यक सम्झेका क्षेत्रमा अवधि किटान गरी विज्ञ व्यक्तिको सेवा लिन सक्नेछ ।

(४) आयोगको लागि आवश्यक बजेट नेपाल सरकारले प्रयोजन खुलाई उपलब्ध गराउनेछ ।

१६. **आयोगको कोष:** (१) आयोगको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) आयोगले प्रदान गरेको सेवा तथा सुविधा वापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट कानून बमोजिम प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट कानून बमोजिम प्राप्त रकम ।

(२) आयोगले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) आयोगको तर्फबाट गरिनेसम्पूर्ण खर्च उपदफा (१)बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) आयोगको कोषमा रहेको रकम समितिले नेपालभित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) आयोगको कोषको सञ्चालन समितिको सदस्य-सचिव र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नु पर्ने:** नेपाल सरकारले कुनै खास कामको लागि आयोगलाई रकम प्रदान गरेको भए आयोगले त्यस्तो रकम सोही काममा मात्र खर्च गर्नु पर्नेछ ।

१८. **लेखा र लेखापरीक्षण:** (१) आयोगको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) आयोगको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।(३) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१९. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) आयोगले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार, कार्याविधि तथा त्यस्तो उपसमिति वा कार्यदलका सदस्यहरुले पाउने सुविधा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

२०. **बैठक भत्ता:** आयोग तथा दफा १२ बमोजिम गठित उपसमिति वा कार्यदलका सदस्यहरुले बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

२१. **अधिकार प्रत्यायोजन:** आयोगले यस आदेशबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य सचिव वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **नेपाल सरकारसँग सम्पर्क:** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा कृषि विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. **समन्वय कायम गर्नुपर्ने:**

(१) आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्दा र त्यसको रणनीति तय गर्दा सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नेछ ।

(२) आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्दा अन्य सरोकारबाला निकाय तथा संस्थासंग समन्वय गर्न सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन:**

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र कृषि विकास मन्त्रालयमा प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२५. **निर्देशन दिने:**

मन्त्रालयले आयोगलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

२६. **नियम बनाउने अधिकार:**

(१) यस आदेशको कार्यान्वयनको लागि आयोगले आवश्यक नियम, निर्देशिका बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।